प्रदेश सरकार
प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र सख्या : ०७५/७६
चलानी नं.: २६९४

**उत्कृष्ट खेलाडी प्रोत्साहनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना स्पष्ट पारिएको वारे**

**प्रथमपटक प्रकाशित मिति :२०७६।०३।०१**

**सूचना स्पष्ट पारिएको मिति :२०७६।०३।०८**

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष २०७५।०७६ को युवा तथा खेलकूद क्षेत्रको स्वीकृत कार्यक्रम **"प्रदेश भित्रका उत्कृष्ट खेलाडीहरु प्रोत्साहन"** बाट खेलकूदको क्षेत्रमा यस प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी तपशिलका खेलाडीहरुले देहायका कागजातहरु सहित असार १५ गते भित्र यस मन्त्रालयको युवा तथा खेलकूद महाशाखा वा यस मन्त्रालयको इमेल mosdfive@gmail.com मा निवेदन पेश गर्नका लागि सम्बन्धित सवैको जानकारीका लागि निर्देशानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन दिन पाउने खेलाडीहरु**

१. अन्तर्राष्ट्रिय स्तरका मान्यता प्राप्त खेल सम्बद्ध संघ, राष्ट्रिय खेलकूद परिषद् वा राष्ट्रिय स्तरका खेलकूद सम्वद्ध मान्यता प्राप्त संघ, प्रदेश स्तरका खेलकूद विकास समिति वा प्रदेश सरकार द्वारा आयोजित अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भै उत्कृष्टता प्रर्दशन गरेका खेलाडीहरु ।

२. राष्ट्रियस्तरको प्रतियोगितामा व्यक्तिगत प्रतिष्पर्धामा उत्कृष्ट भई प्रथम स्थान प्राप्त गरेका खेलाडीहरु ।

३. राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा समुहगत खेलमा सहभागी भएका खेलाडीको हकमा म्यान अफ द म्याच वा म्यान अफ द टुर्नामेन्ट घोषित खेलाडीहरु ।

४. अन्तर्राष्ट्रिय स्तरको खेलकूद प्रतियोगिताको हकमा नेपालको तर्फबाट सहभागी भएका खेलाडीहरु ।

**पेश गर्नु पर्ने कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्र वा अन्य प्रदेशबाट वसाइसराइ गरी यस प्रदेशमा आएको भएमा वसाइसराइको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहमा हालसम्म स्थायी रुपमा वसोवास गर्दै आएको सो स्थानीय तहको सिफारिस पत्र ।

ख) माथी वुँदा नं. १, २ र ३ मा उल्लेखित प्रतियोगितामा क्रमशः उत्कृष्टता हासिल गरेको, व्यक्तिगत प्रतियोगितामा प्रथम स्थान प्राप्त गरको, र समुहगत खेलमा म्यान अफ द म्याच वा म्यान अफ द टुर्नामेन्ट घोषित भै प्राप्त प्रमाणपत्रको प्रतिलिपीहरु ।

ग) अन्तर्राष्ट्रिय स्तरको खेलकूद प्रतियोगिताको हकमा नेपालको तर्फबाट सहभागी भएको प्रमाणपत्रको प्रतिलिपी ।

(सुर्यप्रसाद भसाल)
उपसचिव

Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650